**निर्णय नं. १**

कोभिड-१९ को संक्रमण बढ्दो छ, यसको बिरुद्ध चेतनामूलक कार्यक्रम सबै स्थानीय तहबाट भएको छ । अझ प्रभावकारी रुपले प्रचार प्रसार गर्नमा बिशेष जोड दिने ।

**निर्णय नं. २**

आफ्नो कार्यालय र मातहतको कार्यालयमा संक्रमण भएको छ भन्ने जुन शाखामा संक्रमण भएको छ, त्यसलाई मात्र बन्द गर्ने, सेनिटाइज गर्ने ।

**निर्णय नं. ३**

प्रभावकारी रुपले Contract Tracing Team बाट Contract Tracing गराई Antigen वा PCR Test गराउने ।

**निर्णय नं. ४**

प्रत्येक स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्र Isolation Centre बनाउने र त्यसमा Telemedicine सेवाको लागि गजेन्द्र नारायण सिंह अस्पतालसँग समन्वय गर्ने ।

**निर्णय नं. ५**

स्वास्थ्य क्षेत्र लगायत अन्य क्षेत्रका कर्मचारीहरुलाई समेत बिदामा नछाड्ने ।

**निर्णय नं. ६**

जिल्ला समन्वय बैठकमा भएका निर्णय शिघ्र कार्यान्वयनमा जाने ।

**निर्णय नं. ७**

कोभिड-१९ संक्रमण व्यवस्थापन कोष र विपद् व्यवस्थापन कोषमा नगरपालिकाले ४ लाख र गाउँपालिकाले ३ लाख शिघ्र कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ८**

शव व्यवस्थापनको लागि नेपाल सरकारको प्रोटोकल अनुसार, परम्परा अनुसार गर्न प्राथमिकता दिने, कोही नभए समयमै नेपाली सेनालाई अनुरोध गर्ने र शव व्यवस्थापन गर्दा लाग्ने सामाग्री सम्बन्धित स्थानीय तहको समन्वयमा व्यवस्थापन गर्ने ।

**निर्णय नं. ९**

बजार अनुगमन नियमित रुपमा गर्ने /गराउने ।

**निर्णय नं. १०**

कोभिड सम्बन्धि मापदण्ड कार्यान्वयन, Contract Tracing र Isolation व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन गर्न तपशिल बमोजिमको समित गठन गर्ने ।

| | |
|---|---|
| स्थानीय तहको उप-प्रमुख/उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| स्थानीय प्रहरी प्रमुख | सदस्य |
| स्थानीय सशस्त्र प्रहरी प्रमुख | सदस्य |
| उद्योग बाणिज्य संघ वा स्थानीय व्यपारी प्रतिनिधी | सदस्य |
| स्वास्थय संयोजक | सदस्य सचिव |

**निर्णय नं. ११**

प्रत्येक स्थानीय तहले एम्बुलेन्स तयारी अवस्थामा राख्ने ।